# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प. सं.: २०८२/०८३
च. नं.:

मितिः २०८३/०२/२६

## शिक्षक बैंक स्थापनार्थ विज्ञापन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३/०२/२६

सत्यवती गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अस्थायी करार शिक्षक नियुक्ति गर्दा नियुक्ति प्रक्रिया पुरा गर्न लामो समय लाग्ने र विद्यालय पठनपाठनमा असर पर्ने हुँदा सामुदायिक विद्यालयमा रिक्त हुने स्वीकृत दरबन्दी अस्थायी करार र राहत अनुदान करार शिक्षक पदमा कार्य गर्न इच्छुक उम्मेदवारहरुका लागि सत्यवती गाउँपालिकाको शिक्षक बैंक व्यवस्थापन कार्यविधि, २०८३ बमोजिम शिक्षक बैंकमा सूचीकृत हुन तपसिल बमोजिमका तह र श्रेणीमा योग्यता पुगेका व्यक्तिहरुका लागि सूचना जारी भएको मितिले ३ दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचामा रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

**१. विज्ञापनको विवरणः**

| क्र सं | विज्ञापन नं | पद | तह | श्रेणी | संख्या |
|---|---|---|---|---|---|
| १ | १/२०८२/०८३ | शिक्षक | प्राथमिक | तृतीय | लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरु सबै |

**२. परीक्षा दस्तुरः** देहायको पद तथा तहको लागि तपसिल अनुसारको दस्तुर कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गर्नुपर्नेछ ।

क) प्राथमिक तहको लागिः रु ५००/-

**३. दरखास्त दिने अन्तिम मितिः** २०८३/०२/२६ गतेदेखि २८ गते सम्म कार्यालय समयभित्र

**४. परीक्षाको किसिम तथा प्रक्रियाः**

क) प्राथमिक शिक्षक पदको हकमा शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमका आधारमा परीक्षा सञ्चालन गरिनेछ ।

**५. परीक्षा सञ्चालनः** परीक्षा सञ्चालन हुने मिति, समय र स्थानको बारेमा विज्ञापनको समय समाप्त भए पश्चात शाखाबाट सूचना प्रकाशन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत


इमेलः-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइटः- www.satyawatimun.gov.np
फेसबुक पेजः-https://www.facebook.com/satyawatirmo

६. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः

क) नेपाली नागरिक

ख) १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको

ग) प्राथमिक तहको शिक्षक पदका लागि न्यूनतम शैक्षिक योग्यता शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम

घ) जुन तहको परीक्षामा सहभागी हुने हो, सोही तहको वा सो भन्दा माथिल्लो तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको

७. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

| क्र सं | पद | पेश गर्नुपर्ने आवश्यक कागजातहरु |
|---|---|---|
| १ | प्राथमिक तह शिक्षक | १.निवेदन र दरखास्त फाराम |
| | | २. दरखास्त दस्तुर बुझाएको भौचरको सक्कल प्रति |
| | | ३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी |
| | | ४. न्यूनतम शैक्षिक योग्यताका प्रमाणप्रत्रका प्रतिलिपी |
| | | ५. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी |

*विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

८. विज्ञापन सम्बन्धी थप जानकारीः

क) कुनै उम्मेदवारले झुट्टा विवरण/कागजात पेश गरेको पाइएमा निजको दरखास्त फाराम अस्वीकृत गरिनेछ । साथै रित नपुगेको वा शर्त राखी कुनैपनि दरखास्त स्वीकृत गरिनेछैन ।

ख) दरखास्त फारामसाथ पेश गरिएका कागजातका प्रतिलिपीहरुमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरेको हुनुपर्नेछ ।

ग) दरखास्त फाराम सत्यवती गाउँपालिकाको वेबसाईट www.satyawatimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

घ) थप जानकारीका लागि सम्पर्क नं: ९८५७०६७९०३ र ९८४८११२०९३

हरि प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत